# राष्ट्रिय हरवा चरवा अधिकार मञ्चद्वारा माग पत्र पेश

राष्ट्रिय हरवा चरवा अधिकार मञ्चले प्रदेश नं २ का माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहलाई हरवा चरवाको मुक्ति र ऋण मिनाहा सहितको ५ बुँदे माग पत्र पेश गरेको छ । २०७५ फागुण ४ गते मन्त्री निवास जनकपुरमा राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका अध्यक्ष दर्शन मण्डल, सचिव लागेन्द्र सदा लगायतको टिमले उक्त माग पत्र पेश गरेको हो ।



प्रदेश २ का माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहलाई माग पत्र हस्तान्तरण गर्दै मञ्चको टिम

हरवा चरवा नेपालको बधुँवा श्रम प्रथा हो । नेपालको संविधान र कानुनले यस प्रथालाई अमानवीय भनेको छ । तर अहिलेसम्म पनि प्रदेश नं २ का केही जिल्लाहरुमा हरवा चरवा प्रथा कायम नै छ । संविधानको मौलिक हकले प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने, उपयुक्त आवास पाउने, बेचबिखन, दास वा बधँवा बनाइनबाट सुरक्षा पाउने जस्ता व्यवस्था गरिसकेको  छ । त्यसैले हरवा चरवा मुक्त समाज र प्रदेश बनाउनका लागि प्रदेश सरकारको सक्रिय भूमिकाका लागि हरवा चरवा अधिकार मञ्चका प्रतिनिधीहरुले प्रदेश मन्त्रीलाई अनुरोध गरेका हुन् ।

माग पत्र बुझ्ने क्रममा माननीय मन्त्रीले हरवा चरवाको माग सम्बोधनका लागि आफू सकारात्मक रहेको कुरा बताउनुभयो । उहाँले हरवा चरवाको सवाल र सम्बोधनका लागि चाल्नुपर्ने कदमका बारेमा मन्त्रालय र यस सवालमा काम गर्ने संघसंस्थाहरुबीच छलफलको आयोजना गर्ने कुरा राख्नुभएको छ । उहाँले प्रदेश नं. २ मा गरिबी, उत्पीडन र भेदभावबाट सबैभन्दा प्रभावित हरवा चरवा समुदायको उत्थान र प्रगतीका लागि प्रदेश सरकार सँधै तत्पर रहेको बताउनुभयो । । उहाँले हरवा चरवाको समस्या समाधानका लागि तथ्यांक संकलन सबैभन्दा महत्वपूर्ण र पहिलो कदम भएको कुरा बताउनु भयो । उहाँले यहि तथ्याँकका आधारमा हरवा चरवाको अवस्था वर्गिकरण, परिचयपत्र र त्यसका आधारमा सेवा सुबिधा र रोजगारीको योजना बनाउन सजिलो हुने कुरा राख्नुभयो ।

उक्त मात्र पत्रले आवासका र खेतीका लागि जमिनको माग पनि समेटेको छ । यसका लागि भूमिसम्बन्धी यकिन तथ्यांक प्रदेश सरकारसँग हुन जरुरी छ । भूमि तथा गुठी ऐनप्रदेश सभाले पारित भए पछिमात्र प्रदेश सरकारले यस विषयमा थप कार्य गर्न सक्ने उहाँले बताउनु भयो । उहाँका अनुसार हरवा चरवा लगायत भूमिहीनहरु बसिरहेको ऐलानी जमिन दर्ता गरी स्वामित्व दिन प्रदेश सरकार तयार रहेकाले यो विषयमा सबै सरोकारवाला एकै ठाउँमा बसेर अन्तरर्क्रिया कार्यक्रम आयोजना गर्नसमेत उहाँले सल्लाह दिनुभयो । उहाँले भन्नुभयो -*'यो बैठक हरवा चरवा समस्या समाधानको पहिलो कदम हो । सरकारी स्तरीय अन्तरर्क्रिया कार्यक्रमको आयोजना*

*गरौँ । म यस कार्यमा प्रतिबद्ध छु । भोलिको दिनमा हरवा चरवाका लागि कार्यविधि बनाउन समेत प्रदेश सरकार तत्पर छ ।'*

माग पत्र पेश गर्ने क्रममा द फ्रिडम फण्डका प्रतिनिधि बालाराम भट्टराईले प्रदेश सरकारको हरवा चरवा मुक्तिको अभियान र मूलत: तथ्यांङ्क संकलनको कार्यमा द फ्रिडम फण्डले सकेको प्राविधिक सहयोग प्रदान गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो -*'एकाध बाहेक सबै हरवा चरवा गरिबीको रेखामुनि बाध्यकारी बधुँवा श्रमिकका रुपमा जीवनयापन गर्न बाध्य छन् । प्रदेश सरकारले पहिचान सहितको मुक्तिको घोषणा गर्नु नै यो समुदायको उत्थानको पहिलो कदम हो ।'*

राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका अध्यक्ष, दर्शन मण्डलले हरवा चरवाको जीवन धेरै पुस्तादेखि हरवाई चरवाई गरेरै वितेको उल्लेख गर्दै भन्नुभयो, "ऐलानी र खोला किनारमा सबैको बास छ, जमिनको नाममा केहि छैन । स्थानीय सरकारले विकासको नाममा बसिरहेको जग्गाबाट पनि उठिबास गन खोज्दैछन् । गिरहतबाट लिएको ऋण स्वरुप पछिल्लो पुस्ताको जीवन पनि यहि अन्धकारमा बित्ने डर छ । यो प्रदेश सकारकै पालामा मुक्तिको घोषणा गरी उचित पुर्नस्थापनाको कार्यक्रम ल्याओस ।" सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २५ बर्षदेखि भूमि अधिकार आन्दोलनमा समुदायको सवाल र नीतिगत क्षेत्रमा काम गरिरहेको कुरा अभियान व्यबस्थापक कल्पना कार्कीले राख्नु भयो । उहाँले संस्थाले सिकाईको आधारमा हाल प्रदेश नं. ३ को भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयलाई आवास र भूमि सम्बन्धि ऐन निर्माणमा प्राबिधिक सहयोग गरिरहेको र यसका आधारमा प्रदेश २ मा पनि गर्न सक्ने कुरा राख्नु भयो ।

माग पत्र पेश गर्ने क्रममा जिल्ला तथा राष्ट्रिय हरवा चरवा अधिकार मञ्च, राष्ट्रिय भूमि अधिकार मञ्च, धनुषा जिल्लाका दलित समाज उत्थानशील नेपाल, र सामुदायिक सुधार केन्द्रका प्रतिनिधिसहित १४ (म-३) जनाको सहभागिता थियो ।



*मागपत्रपेश पेशपछिको सामुहिक तस्बीर*

## अनुसुची : १ हरवा चरवा अधिकारमञ्चको मागपत्र

मिति : २०७५/११/४

माननीय मन्त्री शैलेन्द्र प्रसाद साहज्यू,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं.२, जनकपुर ।

**विषय : मागपत्र पेश सम्बन्धमा ।**

साठीको दशकसम्म हामी हरवा चरवा पूर्णतः बँधुवा श्रम व्यवस्थामा बाँधिएका थियौं । ऋण, अन्न वा जमिन कमाउन दिएबापत हरवा चरवा परिवारका केही वा सबै सदस्यले मालिकको खेतीपातीलगायतका काम गर्दै आएका थियौं । त्यहीबापत मालिक (गिरहत) ले दिएको अन्नले खानपिन र अन्य व्यवहारसमेत चलाउँदै आएका थियौं । हामीले मालिकसँग लिएको ऋण वा अनाजको ब्याजस्वरुप सित्तैमा काम गर्दै आएका थियौं ।

हिजोआज कतिपय ठाउँमा अवस्था यस्तै छ भने कतिपय ठाउँमा चाहिँ फेरिएको छ । फेरिएको ठाउँमा हामी मालिककोमा मजदूरी गरेर गुजारा चलाउँदै आएका छौं । अहिले पनि ऋणको ब्याजबापत कम ज्यालामा काम गर्नुपर्छ भने मालिकले अराए खटाएको काम गर्नैपर्ने बाध्यता पनि उस्तै छ ।

एकाध छाडेर सबै हरवा चरवा भूमिहीन छौं । गाउँब्लक, अरुको नाममा रहेको जग्गा, पोखरीको ढिक, नदीको किनार, ऐलानी जस्ता जोखिमयुक्त सार्वजनिक जग्गामा साना झुप्रा बनाएर जीवन बिताइरहेका छौं । धेरैको नागरिकता छैन । बालबच्चाको जन्म दर्ता छैन । चरम गरिबीकै कारण हाम्रा बालबालिका विद्यालय पठाउनै सकिएको छैन । छुवाछूत र जातीय विभेदले पनि उत्तिकै थिचिएका छौं ।

संविधानको मौलिक हकले प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने, उपयुक्त आवास पाउने, बेचबिखन, दास या बाँधा बनाइनबाट सुरक्षा जस्ता व्यवस्था गरेको छ । त्यसैले अब हरवा चरवा मुक्त समाज र प्रदेश बनाउनका लागि प्रदेश सरकारको सक्रिय भूमिका आवश्यक छ ।

यिनै अन्यायलाई न्यायमा बदल्नका लागि प्रदेश नं.२ का ८ जिल्लाका हरवा चरवा मिलेर विगत ६ वर्षदेखि राष्ट्रिय हरवा चरवा मञ्च गठन गरी अधिकारका लागि संघर्ष गर्दै आएका छौं । यसै क्रममा गएको फागुन १ र २ गते हामी आठ जिल्लाका हरवा चरवा सिरहाको लहानमा भेला भई छलफल गरेका थियौं । उक्त भेलाले निकालेको निष्कर्षलाई मागपत्रका रुपमा तयार गरी माननीय मन्त्रीज्यूसमक्ष निम्नानुसार पेश गरेका छौं । आशा छ, चरम गरिबी खेपिरहेका हामी हरवा चरवाका माग सम्बोधन गर्न यहाँबाट तत्काले आवश्यक कारबाही थालनी हुनेछ ।

....................
दर्शन मण्डल

अध्यक्ष, राष्ट्रिय हरवा चरवा अधिकार मञ्च

## हरवा चरवा अधिकार मञ्चका माग :

1. हरवा चरवाको ऋण मिनाहा गरी मुक्तिको घोषणा गरियोस् ।

2. विक्रम संवत् २०७६ को असोजभित्र हरवा चरवाको तथ्याङ्क संकलन गरी सबै हरवा चरवालाई परिचयपत्र वितरण गरियोस् ।

3. परिचयपत्रका आधारमा आवास र खेतीका लागि कम्तीमा ५ कठ्ठा जग्गा उपलब्ध गराइयोस् ।

4. हरवा चरवा परिवारका बालबालिकालाई उच्च तहसम्मको शिक्षा निःशुल्क दिलाइयोस् ।

5. हरवा चरवा परिवारको कम्तीमा १ जनालाई रोजगारीको व्यवस्था गरियोस् । र, सबैखाले दलित आरक्षणभित्र पनि हरवा चरवाका लागि कोटा सुनिश्चित गरियोस् ।